**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे



**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**

नागढुंगा, पोखरा-९, फोन नं : 061-589012 544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क: ०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क १४९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ जेठ २८ गते बुधबार ❑ 11 June 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## आत्मसमीक्षासहित जनतातर्फ फर्केका छौँः दाहाल


**पोखरापत्र संवाददाता**

पोखरा, २७ जेठ


नेकपा माओबादी केन्द्रका अध्यक्ष एवं पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) ले पोखरा सहित कास्कीको देखिने गरी केही महिनामा नयाँ काम गर्ने उद्घोष गर्नु भएको छ।

नेकपा माओवादी केन्द्र पोखरा महानगरपालिकाको तेस्रो महाधिवेशनको मंगलबार पोखरामा उद्घाटन गर्दै अध्यक्ष प्रचण्डले कास्की र पोखराको राष्ट्रिय मानवचित्र बदल्न सकिन्छ भन्ने अठोटका साथ केही महिनामा नयाँ काम गर्ने उद्घोष गर्नु भएको हो।



उहाँले भन्नुभयो" अबको निर्वाचनमा यहाँका बुद्धिजीवि र नेता कार्यकर्ताले मलाई उठ्न आग्रह गर्नु भएको छ त्यसमा म उठे पनि नउठे पनि कास्की सहित पोखरा बनाउने बिषयमा ६ देखि ८ महिनामा देखिने केही काम गर्ने तपाईहरु माझ विश्वास दिलाउन चहान्छु।" पोखराको सम्बन्ध यथावत रहेको जनाउदै अध्यक्ष प्रचण्डले पोखरा तथा नयाँ कास्की बनाउन नयाँ ढंगले काम गर्ने योजना भएको खुलसा गर्दै कास्कीको विकासको लागि आफ्नो भूमिका महत्वपूर्ण हुने उहाँको तर्क थियो।

पोखरा सहितको क्षेत्रमा सुकुम्बासी समस्या समाधानको लागि सडक र सदन हुदै सरकारका मोर्चाबाट आन्दोलन गर्ने अध्यक्ष प्रचण्डले चेतावनी दिनुभयो। सुकुम्बासी समस्या समाधानको लागि हाल पोखरा सहितका धेरै ठाउँमा निस्सा वितरण भएकोले अब लालपुर्जा नै वितरण गर्नुपर्ने अन्यथा सडक र सदन हुदै सरकारका मोर्चाबाट आन्दोलन गर्ने बाध्य हुने उहाँले बताउनु भयो। आफ्नो तर्फबाट र भूमिआयोगको तर्फबाट पोखराका सुकुम्बासीलाई निस्सा वितरण गर्ने कार्यक्रम सम्पन्न भएको उल्लेख गर्दै अध्यक्ष प्रचण्डले अब लालपुर्जा वितरण कार्यलाई तीव्रता दिने बताउनु भयो।

माओवादी केन्द्र रूपान्तरणको अभियानमा देशव्यापी रूपमा अघि बढेको अध्यक्ष प्रचण्डले बताउनु भयो। जनताले माओवादी प्रति ठूलो आशा र विश्वास गरेको हुनाले जनताको आशा र भरोसालाई टुट्न नदिन माओवादी सचिएर अगाडि बढ्ने उहाँको भनाई थियो। नेकपा माओबादी केन्द्र गण्डकी प्रदेश समितिका अध्यक्ष गायत्री गुरुङ, पार्टीका कास्की संयोजक विश्वप्रकाश लामिछाने, पोखरा महानगर समितिका सचिव जनकराज पराजुली लगायतले वोल्नु भएको थियो। पार्टीका महानगर समिति अध्यक्ष हरि नारायण गिरी (विज्ञान) को अध्यक्षतमा उद्घाटन सत्र सम्पन्न भएको थियो। यसैबिच, पूर्वप्रधानमन्त्री डा.बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) केन्द्रीय सचिवालय सदस्य किरण थापा लगायत नेताहरू पुनः नेकपा माओवादी केन्द्रमा फर्किनु भएको छ। थापा सहित कास्की अध्यक्ष राजु क्षेत्रीको टिम माओबादी केन्द्रमा प्रबेश गरेको माओबादी केन्द्रले जनाएको छ। शम्भु खाती, लक्ष्मी खाती लगायत माओवादी प्रवेश गर्नु भएको माओबादी केन्द्रले जनाएको छ।

माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले उनीहरूलाई खादा, माला लगाएर पार्टीमा प्रवेश गराउनु भएको हो। लोकतान्त्रिक गणतन्त्र धेरै मेहनतबाट जनताले प्राप्ती गरेकोले त्यस माथि प्रहार हुन थालेकोले त्यसको बिरुद्ध पुरानै पार्टीमा आफुहरु फर्किएको थापाले बताउनु भयो।

## पोखरामा सुरु भयो 'प्रचण्ड कप' राष्ट्रिय महिला भलिबल


**पोखरापत्र संवाददाता**

पोखरा, २७ जेठ


पोखरामा आजदेखी 'प्रचण्ड कप' राष्ट्रिय महिला भलिबल प्रतियोगिता सुरु भएको छ।

पोखरा रङ्गशालास्थित बहुउद्धेश्शीय कभर्डहलमा सञ्चालन भएको प्रतियोगिताको उद्घाटन खेलमा विभागीय टोली नेपाल पुलिस क्लबले सशस्त्र प्रहरीको एपिएफ क्लबलाई हराउँदै विजयी सुरुआत गरेको छ। यसैगरी दोस्रो खेलमा टिप टप न्यू डायमण्ड क्लब विजयी भयो। पहिलो खेलमा पुलिसले २५-२१, २७-२५ र २५-१७ ले खेलको नतिजा आफ्नो पक्षमा पार्न सफल भयो। यसैगरी दोस्रो खेलमा टिप टप न्यू डायमण्ड क्लबले एभरेष्ट क्लबलाई २५-११, २५-१८ र २५-१० को सोझो सेटमा हराउन सफल भयो।



यसअघि प्रतियोगिताको उद्घाटन गर्दै पूर्वप्रधानमन्त्री एवं नेकपा(माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल( प्रचण्ड)ले खेलकुद राष्ट्रिय एकता र अन्तर्राष्ट्रिय भाइचारा अभिवृद्धिको समेत प्रतीक बनेको बताउनुभयो। अध्यक्ष दाहालले आफ्नो प्रधानमन्त्रीकालमा खेल क्षेत्रलाई विशेष प्राथमिकतामा राखेर नीति तथा योजना कार्यक्रमहरु बनाउने पहल गरेको स्पष्ट पार्नुभयो। अध्यक्ष दाहालले भन्नुभयो, "नेपाली खेल क्षेत्र विकसित हुँदै गएको छ। मैले नीतिगत मात्र होइन खेलकुद क्षेत्रको नेतृत्वमा सफल व्यक्तिहरु ल्याएका कारणले अहिले नेपाली खेल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा निकै स्थापित भएको छ।"

उहाँले नेपाली खेलाडीहरुले विस्तारै अन्तर र्ष्ट्रिय प्रतियोगिताहरुमा पदकको वर्षा गर्ने गरेको र अहिले नेपालमा ऐन कानुनले पनि खेलाडीको जीवनलाई सुनिश्चित गर्ने पहल भएको बताउनुभयो। अध्यक्ष दाहालले आफू दोस्रो पटक प्रधानमन्त्री भएका बेलामा भलिबललाई मन्त्रिपरिषद्बाट राष्ट्रिय खेल घोषणा गरेको स्मरण गर्दै उहाँले त्यसपछि देशभित्र भलिबल खेलको महत्व अझ बढेको उल्लेख गर्नुभयो। "नेपालको भुगोल, संस्कृति, हावापानी र नेपालीजनसँग मेल खाने खेल भएकाले मन्त्रिपरिषद्बाट निर्णय गरेको गरिएको हो। त्यसपछि भलिबलको मान्यता राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रमा बढेको र पदक जित्ने सुरुआत भएको हो।" दाहालले भन्नुभयो। राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव टंकलाल घिसिङ्ले खेलाडीले खेल खेलेरै आफ्नो जीवन निर्वाह गर्ने वातावरण बनेको बताउनुभयो।पोखरामहानगरपालिका प्रमुख धनराज आचार्यले पोखरामा निरन्तर भइरहेका विभिन्न खेलकुदका प्रतियोगिताका कारणले पोखरा भ्रमण वर्ष २०२५ सफल बनेको बताउनुभयो।

आयोजक नेपाल स्पोर्ट्स एकेडेमीका अध्यक्ष दीपक कोइरालाले भलिबल खेललाई अझ लोकप्रिय बनाउने र राष्ट्रियस्तरको प्रतियोगिता मार्फत महिला खेलाडी उत्पादन गर्ने लक्ष्य राखिएको बताउनुभयो। अखिल नेपाल खेलकुद महासंघका अध्यक्ष शिव कोइरालाले महासंघले वर्षभरीनै वृहत् खेलकुद महोत्सवका रुपमा विभिन्न खेलकुदका प्रतियोगिताहरु सञ्चालन गरिरहेको जानकारी दिनुभयो। यही जेठ ३१ गतेसम्म पोखरा रङ्गशालाभित्रको


बाँकी अन्तिम पृष्ठमा ▶▶


## गण्डकीमा पत्रकारिता सुदृढीकरणका लागि सरकार प्रतिबद्ध : मन्त्री थापा


**पोखरापत्र संवाददाता**

पोखरा, २७ जेठ


गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दुकुमार थापाले पत्रकारिताको मर्यादा, स्वतन्त्र प्रेसको सम्मान र मिडिया क्षेत्रको सुदृढीकरणलाई प्रदेश सरकारको नीति तथा कार्यक्रममा प्राथमिकताका साथ समेटिएको बताएका छन्।

नेपाल पत्रकार महासंघ गण्डकीले आयोजना गरेको मल्टिमिडिया रिपोर्टिङ तालिमका सहभागी पत्रकारहरूलाई शुभकामना व्यक्त गर्दै मन्त्रीले समय सान्दर्भिक र अत्यन्तै आवश्यक यो तालिम आयोजना गरेकोमा महासंघप्रति धन्यवाद व्यक्त गरे। "गण्डकी प्रदेश प्रेस रजिष्ट्रार कार्यालयलाई थप सुदृढ गर्दै अब प्रेस दर्ता, नवीकरण तथा प्रेस प्रतिनिधि प्रमाणपत्र वितरण प्रक्रिया अनलाइन प्रणालीमार्फत सहज र पारदर्शी बनाउँदैछौं", उनले भने, "यसले सञ्चारमाध्यम तथा पत्रकारहरूलाई समयमै सेवा प्राप्त गर्ने वातावरण सुनिश्चित गर्नेछ।" उनका अनुसार श्रमजीवी पत्रकारहरूको पेशागत क्षमता अभिवृद्धि गर्ने तथा सञ्चार क्षेत्रलाई व्यवस्थित र मर्यादित बनाउने उद्देश्यले सरोकारवाला निकायहरूसँगको समन्वयमा नयाँ सञ्चारसम्बन्धी कानून निर्माण प्रक्रिया अगाडि बढाइएको छ। "यसले पत्रकारको हक, हित र सुरक्षालाई अझ मजबुत बनाउने विश्वास लिएको छु", मन्त्रीले स्पष्ट पारे। पत्रकार लेखनवृत्ति कार्यक्रमलाई निरन्तरता दिँदै सरकारले अनुसन्धानमूलक, तथ्यमा आधारित तथा विकासमुखी पत्रकारितालाई प्रोत्साहन गरिरहेको पनि उनले बताए। "मल्टिमिडिया रिपोर्टिङजस्ता तालिमहरूले पत्रकारहरूको दक्षता, विषयवस्तुमा गहिरो पकड र प्रविधिमा पहुँचलाई विस्तार गर्छन्। आजको डिजिटल युगमा सूचनाको बहुआयामिक प्रस्तुति अपरिहार्य भइसकेको छ, र यस्तो तालिमले त्यसलाई सशक्त बनाउँछ भन्नेमा म विश्वास गर्छु," मन्त्रीको भनाइ छ। उनले समाजप्रति उत्तरदायी, तथ्यमा आधारित र नागरिकलाई सशक्त पार्ने पत्रकारिता गर्न पत्रकारहरूलाई आग्रह गरेका छन्। यसका लागि सरकार सधैं साथ र समर्थन दिन तयार रहेको मन्त्री थापाले बताए। गण्डकी प्रदेशकी प्रेस रजिष्टार विमला भण्डारीले प्रेस रजिष्टारको कार्यालयले पत्रकारको हक,हित र अधिकारका लागि काम गर्ने उल्लेख गरिन्। पत्रकारको क्षमता अभिवृद्धिका लागि विविध तालिमको व्यवस्था गरि दक्षता बढाउने कार्य गरिने भनाई उनको छ। नेपाल पत्रकार महासंघ केन्द्रकी उपाध्यक्ष नीतू पण्डितले राज्यले श्रमजीवि पत्रकारको अधिकारलाई सुनिश्चित गर्ने कानून ल्याउनुपर्नेमा जोड दिएकी छिन्। जसका लागि पत्रकार महासंघ सदैव वकालत गरि रहने भनाई उनको छ। पत्रकार महासंघ गण्डकीका अध्यक्ष रमेश पौडेलले गण्डकी प्रदेश सरकारले आगामी बजेटमा प्रदेश सरकारले पत्रकारिता क्षेत्रलाई दिल फुकाएर सम्बोधन गर्नुपर्ने आवश्यकतालाई औंल्याएका छन्। उनका अनुसार यस्ता तालिमले आगामी समयमा पनि निरन्तरता पाउनेछ। महासचिव जमुना वर्षा शर्माले तालिममा गण्डकीका ११ वटै जिल्लाका महिला पत्रकार हरुको उपस्थिति रहेको जानकारी गराइन्। महिला पत्रकारलाई मात्र लक्षित गरि मल्टिमिडिया सम्बन्धी तालिम दिइएको भनाई उनको छ।



## स्थानिय तह स्थलगत रिपोर्टिङ सम्बन्धी आवश्यक बजेट विनियोजन गर्न माग


**पोखरापत्र संवाददाता**

पोखरा, २७ जेठ


स्थानिय तह स्थलगत रिपोर्टिङ सम्बन्धि आवश्यक बजेट विनियोजन गर्न माग गरिएको छ।

प्रेस सेन्टर कास्की र समाजवादी प्रेस संगठन कास्कीको संयुक्त आयोजनामा पोखरामा आयोजना भएको स्थानिय तह स्थलगत रिपोर्टिङ सम्बन्धि दुई दिने तालिममा सहभागि वक्ताहरुले समाचारको प्रभावकारीताको लागि स्थानिय तह स्थलगत रिपोर्टिङ सम्बन्धि आवश्यक बजेट विनियोजन गर्न माग गरेका हुन्।



पोखरा महानगरले आउँदो बर्षको बजेटमा पोखराका ३३ वटै वडामा उक्त कार्यक्रम पुग्ने गरी आवश्यक बजेट विनियोजन गर्न सहभागिले पोखरा महानगर समक्ष माग गरेका हुन्। पोखरा महानगरपालिकाको सहयोगमा सोमबार पोखरा ९, बास्तोलाथरबाट सुरु भएको तालिम मंगलबार पाखरा ३१ को पचभैयामा सम्पन्न भएको


बाँकी अन्तिम पृष्ठमा ▶▶



**सुपथ मूल्यमा आकर्षक छपाइ**



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

**हिमालय अफसेट प्रेस**

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

# पिपलटार ऋषिङको स्वास्थ्य शिबिरमा १ सय ५० जनाले लाभ लिए

**पोखरापत्र संवाददाता**
पोखरा, २७ जेठ




तनहुँ जिल्लाको ऋषिङ गाउपालिका वडा नं. ५, पिपलटारमा रहेको पिपलटार युवा क्लबको आयेजना, रिभान फार्मेसी र कन्सेप्ट मेडि कन्सर्न प्रा.लि. सहकार्यमा शनिबार निशुल्क स्वास्थ शिबिर मा १५० भन्दा वढि सेवाग्राहीले सेवा लिएका छन् ।

कार्यक्रमका प्रमुख अतिथि निवर्तमान संघीय सांसद केदार सिग्देलले कार्यक्रमको उद्घाटन गर्दै ग्रामीण बस्तीहरुमा विशेषज्ञ डाक्टर आएर सेवा दिनु पुण्यको काम भएको बताउँदै युवा जागरुक भइ समाजसेवामा पनि लाग्नु राम्रो कार्य भएको बताए ।

घिरिङ गाउँपालिका अध्यक्ष होमबहादुर थापा, ऋषिङ गाउपालिका कार्यपालिका सदस्य बिजय दरै, जय दुर्गा माध्यामिक विद्यालयका प्रधानाध्यापक कुलबहादुर दरै लगाएतले क्लबले अत्यन्तै अनुकरणीय कार्य गरेको बताए ।

क्लबका अध्यक्ष अनिल पाटा मगरले सहयोगी संघ संस्था तथा ब्यक्तिहरुलाई धन्यवाद दिदै आगामी दिनहरुमा पनि हातेमालो गर्दै सामाजिक काम गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

कालीगण्डकी नदि किनार रहेको पिपलटारमा आयोजना गरिएको शिबिरमा ऋषिङका दरै गाउँ, पिपलटार, रुपटार र घिरिङका उम्से, करुवाटार, जितपुर लगाएतका स्थानका सेवा ग्राहीले लाभ लिएका थिए । सो अवसरमा दाँत, मेडिकल, जनरल हाडजोनी, नसा सम्बन्धि रोग परिक्षण गर्नुका साथै निशुल्क औषधि बितरण गरिएको थियो ।

कार्यक्रममा कन्सेप्ट मेडिको फर्मा प्रालिका मनोज सुवेदी लगाएत मेडिकल डाक्टरहरु, महिला स्वास्थ स्वयंसेवीकाहरु शुशिला गिरी, सोमकुमारी थापा, बिमला आले र दरबारथोक मिडिया प्रालिका अध्यक्ष कृष्ण रानाभाटलाई सम्मानपत्रद्वारा सम्मान गरिएको थियो ।

क्लबका अध्यक्ष अनिल पाटा मगरको अध्यक्षतामा भएको कार्यक्रमको संचालन यमबहादुर पाटामगरले गरेका थिए ।

# पोखरामा रेष्टुरेष्टका कुकलाई खाना बनाउने सीप बढाउन तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, २७ जेठ




पोखरामा खाना बनाउने सीप बढाउन तालिम शुरु भएको छ । नेपाल उद्योग वाणिज्य महासंघ गण्डकीको आयोजना, रेवान पोखराको सहयोग र हेल्बिटासको प्राविधि सहयोगमा तालिम शुरु भएको हो ।

पोखराको लेकसाइडमा रहेका विभिन्न रेष्टुरा तथा क्याफेमा कार्यरत ४० जना कुकहरु तालिममा सहभागी भएका छन् । उनीहरुलाई इन्डियन र कन्टिनेन्टल खाना बनाउने सीप स्तरोन्नति तालिम दिइने आयोजकले जानकारी दिएका छन् । तालिमको उद्घाटन गर्दै नेपाल उद्योग वाणिज्य संघका पुर्व अध्यक्ष आनन्दराज मुल्मीले पोखरा आउने विदेशी तथा स्वदेशी पर्यटकहरुलाई स्तरीय र स्वदिष्ट खाना पस्किन तालिम उपयोगी हुने बताए ।

तालिम लिन व्यक्ति, काम गर्न सस्था र देशकै लागि पनि तालिम प्राप्त व्यक्ति हुदाँ फाइदा पुग्ने बताए । उनले तालिम लिइ सकेपछि इमान्दारीता पनि देखाउन आवश्यक रहेको बताए ।

कार्यक्रममा रेवान पोखराका अध्यक्ष विश्वराज पौडेलले तालिमले अझ काममा अझ निखारता ल्याउने बताउदै तालिम पछि स्तरीय सेवा प्रदान गर्न लाग्नु पर्ने बताए । कार्यक्रममा कान्तिपुर टुरिजम एण्ड होटल म्यानेजमेन्ट कलेजका प्रमुख विजय पौडेल, रेवान पोखराका प्रथम उपाध्यक्ष बसन्त गौतम, नेपाल उद्योग बाणिज्य महासंघ गण्डकी प्रदेशका संस्थापक अध्यक्ष तथा सीप विकास एकाईका फोकल पर्सन सञ्जिब बहादुर कोइराला लगाएतले तालिमले खानाको गुणस्तरीयता बढाउने बताए । उनीहरुले विदेशमा थोरै जनशक्तीले पनि धेरै काम गर्ने प्रबृतिको उदाहरण दिदै तालिम पछि उनीहरु पनिले पनि राम्रो काम गर्न विश्वस व्यक्त गरे ।

तालिम पछि सहभागीले व्यावसायिक खाना पकाउने सक्ने छन् । तालिममा अनुभवी शेफ, दिपक शर्मा, बिजय पौडेल लगाएतले इन्डियन परिकारजस्तै बटर चिकन, बिर्यानी, पनीर टिक्का लगायत र कन्टिनेन्टल परिकारहरु पास्ता, सिज्लर, स्टेक आदि बनाउने सीप स्तरोन्नति गर्न सक्ने बताउने छन् ।

# परियार सेवा समाज कास्कीले मनायो ३० औँ स्थापना दिवस

**पोखरापत्र संवाददाता**
पोखरा, २७ जेठ



परियार सेवा समाज कास्कीले आफ्नो स्थापनाको ३० औँ स्थापना दिवस मनाएको छ । सोमबार पोखरामा शुभकामना आदान प्रदानको कार्यक्रम आयोजना गरि ३० औँ स्थापना दिवस मनाएको हो ।

कार्यक्रममा आफ्नो भनाई राख्दै प्रमुख अतिथि परियार राष्ट्रिय समिति सह-अध्क्षय प्रेमदेवी परियारले समाजले परियारहरुको क्षेत्रमा हक हितको लागि काम गर्दै आइरहेको बताइन् । विशिष्ट अतिथि पूर्व संविधानसभा सदश्य कृष्णकुमारी परियारले समाजको लागि योगदान दिनहरुलाई स्मरण गर्दै संस्थाले समाजिक काम गर्नुपर्नेमा जोड दिइन् । संस्थाका कास्की अध्क्षय दुर्गा परियारले संस्थापक अध्क्षय गणेश परियारले संस्था स्थापनामा खेलेको भूमिकाको स्मरण गरे । उनले कास्कीमा अन्य कुनै पनि परियार सेवा समाज नभएको बताउदै आफ्नो संस्थानै आधिकारीक परियार सेवा समाज कास्की रहेको दावी गरे । कार्यक्रममा नेपाल मनावतावादी संगठनका केन्दीय अध्क्षय मेग बहादुर कामी,माछापुच्छ्रे गाउँपालिकाका वडा ८का वडा सदश्य अर्जुन परियार,कास्की जिल्लाका पूर्व सल्लाहकार वद्रि परियार, कास्की जिल्ला परियार सेवा समाजका संस्थापक सदश्य तिलक परियार,निर्वतमान सल्लाहकार नरेन्द्र मित्रकोटी, पोखरा महानगरपालिकाकी कार्यपालिका सदश्य मन्दिरा परियार,गण्डकी प्रदेश अध्क्षय विज्ञान सेवा परियार,केन्द्रीय समिति सदश्य प्रेम परियार,केन्द्रीय उपाध्क्षय जुम बहादुर परियार,सम्पूर्ण गुठी संस्थाहरुको प्रतिनिधित्व गदै बिजय परियार लगाएतले शुभकामना ब्यक्त गरेका थिए । यस्तै कार्यक्रममा संस्थामा आवद्ध अन्य ब्यक्तिहरुको उल्लेख्य सहभागिता रेहेको थियो ।

संस्थाका अध्क्षय दुर्गा परियारको अध्क्षतामा भएको कार्यक्रमको सञ्चालन सचिव अमर परियारले गरेका थिए । २०५२ सालमा स्थापना भएको संस्थाले निरन्तर काम गर्दै आइरहेको छ ।

# राष्ट्रपति रनिङ शिल्डको उपाधि कास्कीकै पोल्टामा

**पोखरापत्र संवाददाता**
गोरखा, २७ जेठ

गोरखामा सम्पन्न भएको १६ औँ गण्डकी प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्डको उपाधि कास्कीले हात पारेको छ । यससँगै गण्डकी प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्डको उपाधि कास्कीले लगातार तेस्रो पटक जितेको हो ।

सोमबार सम्पन्न प्रतियोगितामा २७ स्वर्ण, १० रजत र ११ कास्य पदक जित्दै कास्की विजेता भएको हो । विजेता कास्कीले शिल्ड र कप पुरस्कार प्राप्त गरेको छ । त्यस्तै प्रतियोगितामा ११ स्वर्ण, ७ रजत र ९ कास्य पदक जितेर म्याग्दी दोस्रो, १० स्वर्ण, १० रजत र १० कास्य पदक जितेर बाग्लुङ तेस्रो भएको छ । ७ स्वर्णसहित ५ रजत र ४ कास्य जितेर गोरखा चौथो र ६ स्वर्ण, १४ रजत र १२ कांस्य जितेर नवलपुर पाँचौं बनेको छ । यस्तै ४ स्वर्ण, ६ रजत र १० कास्य पदक जित्दै लमजुङ छैटौं, २ स्वर्ण ६ रजत र १७ कास्य पदक जितेर तनहुँ सातौं, २ स्वर्ण, ४ रजत र ७ कास्य पदक जितेर स्याङ्जा आठौं, १ स्वर्ण, ३ रजत र ७ कास्य जितेर पर्वत नवौं बनेको छ । भलिबल र कबड्डी (महिला/पुरूष) गोरखा नगरपालिका-६ स्थित हरमटारी खेलमैदानमा, तेक्वान्दो र कराँते खेल कभर्ड हलमा सम्पन्न भएका थिए । त्यस्तै एथलेटिक्स र उसु खेल गोरखा नगरपालिका-१० छेपेटारस्थित खेलमैदानमा सञ्चालन भएको थियो ।

# आर्वा विजय माबिमा कानुनी प्रशिक्षण तथा अन्तरक्रिया

**पोखरापत्र संवाददाता**
पोखरा, २७ जेठ




पोखरा महानगरपालिका वडा नं १३ ढाँडबेसीमा अबस्थित आर्वा विजय माविको आयोजना, पो.म.न.पा. न्यायिक समितिको आर्थिक सहयोग र पोखरा १३ वडा कार्यालयको समन्वयमा विद्यार्र्थीसंग न्यायिक समिति कानुनी प्रशिक्षण तथा अन्तरक्रिया कार्यक्रम सोमबार सम्पन्न भयो ।

पोखरा महानगरपालिकाकी उपप्रमुख तथा न्यायिक समिति संयोजक मन्जुदेबी गुरुङको प्रमुख आतिथ्यतामा संचालित उक्त कार्यक्रममा पो.म.न.पा. न्यायिक समिति सदस्यहरु कालिदास पोखेल र रजनी परियारले कानुनी प्रशिक्षण दिएका थिए । उक्त कार्यक्रममा आर्वा विजय माविका सम्पुर्ण विद्यार्थीहरु, वि.व्य.सका पदाधिकारीहरु,शिक्षकअभिभावक संघका पदाधिकारीहरु र सम्पुर्ण शिक्षक तथा कर्मचारीहरुको सहभागिता रहेको थियो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष भवसागर बरालको अध्यक्षता भएको कार्यक्रमको संचालन प्रधानाध्यापक पद्मादेवी बरालले गरेकी थिइन् ।

# विद्यार्थी सङ्ख्या न्यून भएपछि वालिङका पाँच सामुदायिक विद्यालयलाई समायोजन

**पोखरापत्र संवाददाता**
वालिङ, २७ जेठ

वालिङ नगरपालिकाका पाँच विद्यालय समायोजन गरिएको छ । विद्यार्थी सङ्ख्या न्यून भएपछि नगर शिक्षा समितिले वालिङ-२ कसेदीको चक्रदेवी आधारभूत विद्यालय, वालिङ-६ को वनपाला आधारभूत विद्यालय, वालिङ-७ को विद्याज्योति आधारभूत विद्यालय, वालिङ १२ को प्रभात आधारभूत विद्यालय र वालिङ-१४ सिखेमा रहेको जनकल्याण आधारभूत विद्यालयलाई समायोजन गरिएको हो ।

नगरपालिकाका शिक्षा शाखा प्रमुख ख्यामनारायण काफ्लेका अनुसार विद्यालयको भौगोलिक अवस्था, विद्यार्थी सङ्ख्यालाई आधार मानेर पाँचवटा आधारभूत विद्यालयलाई चालु शैक्षिकसत्रको सुरुआतदेखि नै समायोजन गरिएको छ । समायोजन भएका सबै विद्यालय कक्षा १-३ सञ्चालनमा रहेका थिए । समायोजन भएका पाँचवटा विद्यालयलाई पायक पर्ने नजिकैको अर्को विद्यालयमा मर्ज गरिएको उहाँले बताउनुभयो । "अनुगमनका क्रममा समस्या देखिएका विद्यालयलाई नजिकैको पायक पर्ने विद्यालयमा समायोजन गरेका हौँ", उहाँले भन्नुभयो, "ससाना विद्यार्थीलाई लामो दूरी पार गरेर विद्यालय जान कठिन नहुने गरी समायोजन गरिएको हो ।" विद्यालयमा अध्यापनरत शिक्षकलाई दरबन्दी कम तथा रिक्त रहेका अन्य विद्यालयमा समायोजन गरेर पठाइएको छ । पछिल्लो समय संस्थागत विद्यालयतर्फ अभिभावक तथा विद्यार्थीको आकर्षण बढ्नु, गाउँमा रोजगारी तथा अन्य सुविधाका कारण सहरतिर बसाइँ सर्नु, बजार केन्द्रित संस्थागत विद्यालयका सवारीसाधन गाउँगाउँमा पुगेर विद्यार्थी ल्याउनुलगायत कारणले गर्दा विशेषगरी गाउँका सामुदायिक विद्यालयमा विद्यार्थीको सङ्ख्या न्यून हुँदै गएको हो । विद्यालयको हाजिरी पुस्तिकामा विद्यार्थी सङ्ख्या धैरै भए पनि नियमित विद्यालय आउने विद्यार्थीको सङ्ख्या कम हुने गरेको जनाइएको छ ।

## स्थानीय तह...

हो । तालिममा नयाँ पत्रिका दैनिकका बरिष्ठ सम्वाददाता, स्थानिय तह सम्बन्धि रिपोटिङ गर्दै आउनु भएको शिवहरी घिमिरेले स्थानिय तहका अधिकार, तिनले गर्ने काम, कन्टेन्ट राईटिङसँगै स्थलगत रिपोर्टिङबारे सहजीकरण गरेका थिए । त्यस्तै, फोटो पत्रकार राम गुरुङले फोटो पत्रकारिता सम्बन्धि सहजीकरण गरेको प्रेस सेन्टर कास्कीका अध्यक्ष दीननाथ बरालले जानकारी दिए । तालिममा उल्लेखनिय रुपमा अग्रज देखि अनुज पुस्ताका पत्रकारहरु सहभागि भएका थिए । प्रशिक्षार्थीहरुलाई पोखरा-२१, ३३ र ३० का विभिन्न ठाउँमा निर्माण भइरहेका सडकहरुको स्थलगत अवलोकन गराई त्यसको स्थलगत रिपोर्टिङ बारेमा जानकारी गराइएको थियो ।

तालिमको उद्घाटन पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले गरेका थिए । उनले पत्रकारले स्थलगत रिपोर्टिङ गरे मात्रै सत्यतथ्य बाहिर आउने अवस्था बन्ने बताए । अन्यथा कसैले भनेको वा सुनेको भरमा मात्रै समाचार लेख्दा तथ्य लुक्ने खतरा रहने उनको भनाई थियो । जति गरे पनि काम गरेन वा भएन मात्रै भन्ने विकृतिको विकास भएको भन्दै उनले भने,'पोखरा महानगरले कति धेरै काम गरेको छ तर जहिलेपनि गरेन भन्ने मात्रै भाष्य तयार गरिएको छ । त्यसैले पत्रकार साथीहरुले फिल्डमै गएर महानगरले गरेको कामको सत्यतथ्य उजागर गरिदिनुहुन अनुरोध गर्दछु ।' उनले पोखरामा एडिबी र विश्वबैंकसँग मिलेर २७ अर्ब भन्दा बढीको काम भइरहेको दाबी गरे । मेरै कार्यकालमा सबै काम सकिन्छ भन्नेपनि छैन,उनले भने,'तर म निर्वाचित भएर आएदेखि नै गौरवको आयोजनाहरु तथा अन्य योजनाहरु अगाडि बढिरहेको छ । यसले विकासको फड्को मार्ने अपेक्षा गरेको छु ।' पोखरामा हाल विभिन्न दातृ निकायको सहयोगमा ३३ अर्बको परियोजना जारी रहेको उनले दाबी गरे । कार्यक्रममा प्रेस स्वतन्त्रता सेनानी नवराज सुवेदीले स्थलगत रिपोर्टिङ पत्रकारिताको मुख्य मर्म भएको बताए । यसको अभ्यास बिना पत्रकारिता भुत्ते हुने उनको भनाई थियो । नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष माधव बरालले स्थलगत रिपोर्टिङले मात्र पत्रकारितालाई जिवन्त बनाउने बताए । त्यसैले यसको अभ्यास जीवन्त पत्रकारिताका लागि अपरिहार्य भएको उनको भनाई थियो ।

समाजवादी प्रेस संगठन कास्कीका सचिव भीमबहादुर थापाले पत्रकारिताको सुदृढिकरणसँगै पत्रकारको सशक्तिकरणमा महानगरले सघाउनुपर्ने बताए । त्यसका लागि महानगरले रातो किताबमै उल्लेख गरेर बजेट राख्ने विश्वास व्यक्त गरे । तालिमको अन्तिम दिन मंगलबार प्रशिक्षार्थीहरुलाई प्रमाण पत्र वितरण गरिएको थियो । तालिममा सहभागि प्रशिक्षार्थीहरु सरला त्रिपाठी र असफल गौतमले तालिम स्थलगत रिपोर्टिङ अभ्यासका लागि फलदायी भएको बताए । तालिममा सिकेको कुराहरु व्यवहारमा उतार्ने प्रतिबद्धता जनाउँदै उनीहरुले यस्ता तालिमहरु आगामी दिनमा पनि आयोजना गर्न माग गर्नुभयो । पोखरा ३३ का वडा अध्यक्ष रामचन्द्र अधिकारी सहितको टिमसंग पत्रकारको टोलीले वडा कार्यालयमै पुगेर दोभिल्ला कोत्रे सडकको अवलोकन गरेको थियो । उक्त सडक हाल ४० प्रतिशत निर्मामा कार्य सम्पन्न भएको अध्यक्ष अधिकारीले बताउनु भयो । उक्त सडकमा नमुना सडक बनाउने गरी सडक दायाँ बायाँ फलफुलका बिरुवा रोप्न सुरु गरेको उहाँले जनाउनु भयो । प्रशिक्षक शिवहरी घिमिरे तालिममा सिकेको कुराहरु व्यवहारमा उतार्न प्रशिक्षार्थीहरुलाई आग्रह गरे । 'अभ्यासले मात्रै पोख्त बनाउँछ'-उनले भने । प्रेस सेन्टर कास्कीका अध्यक्ष दीननाथ बरालको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत उपाध्यक्ष तथा तालिम कार्यक्रम संयोजक पुष्प दाहाल र सञ्चालन सचिव सरोज अधिकारीले गरेका थिए ।

## पोखरामा ...

बहुउद्धेश्शीय कभर्ड हलमा सञ्चालन हुने प्रतियोगितामा नेपालका प्रमुख क्लब तथा टिमहरू सहभागी छन् । प्रतियोगितामा विभागिय टोली नेपाल पुलिस क्लब, एपीएफ क्लब, गण्डकी प्रदेश टिम, एभरेष्ट भलिबल क्लब, न्यू डायमण्ड युथ स्पोर्ट्स क्लब र स्टेप रामपुर गरी छ टोलीको सहभागिता रहेको छ । प्रतियोगिता लिग तथा नकआउट चरणमा सञ्चालन गरिने आयोजकले जनाएको छ ।प्रतियोगिताको च्याम्पियन टोलीले रु छ लाख, उपविजेताले रु तीन लाख, र तेस्रो हुने टिमले रु एक लाख पुरस्कार प्राप्त गर्नेछन् । यसैगरी उत्कृष्ट खेलाडीले रु २० हजार, तथा विभिन्न विधागत उत्कृष्ट खेलाडीहरूले जनही रु १० हजारका दरले पुरस्कार प्राप्त गर्नेछन् ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिलावाडीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते



पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार



जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन



उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

गरिबी अपराधको जन्मदाता हो । - मार्कस औरिलिअस्

## सम्पादकीय

# एमालेमा खोजिएको चुनाव

नेकपा एमालेनिकटको विद्यार्थी संगठन अनेरास्ववियुको २४ औं राष्ट्रिय महाधिवेशनको बन्द सत्रमा स्थगित भएको छ । निर्वाचनको माग गर्दै नाराबाजी सुरु भएपछि बन्द सत्र स्थगित गरिएको छ । अध्यक्ष मण्डलका अध्यक्ष भानुभक्त ढकालले अध्यक्षमा डा सुजन कडरिया, उपाध्यक्षमा प्रकाश पौडेल र अन्जना शिवाकोटी र महासचिव दीपक धामीको नाम सर्वसम्मतिका लागि प्रस्ताव गरेका थिए । उनले ती नामहरू प्रस्ताव गरेपछि असन्तुष्ट पक्षले नाराबाजी गरे । जसले गर्दा बन्दसत्र स्थगित गरेर बुधबार निर्वाचनको कार्यक्रम सार्वजनिक गरिएको छ ।

पार्टी अध्यक्ष केपी शर्मा ओलीले सर्वसम्मत रूपमा नेतृत्व चयन गर्न निर्देशन दिएका थिए । सोही आधारमा ढकालले सर्वसम्मतका लागि प्रस्ताव गरेका थिए । तर, अध्यक्षका दाबेदार प्रकाश पौडेल, दीपक धामीले चुनावको माग गरेपछि असन्तुष्ट पक्षले नाराबाजी गरेको हो । 'सेलेक्सन मान्दैनौँ, इलेक्सन चाहियो' भन्दै होहल्ला र नाराबाजी गरेका छन । एमालेमा नेतृत्वले भनेको नमान्ने समूह बढ्दैछ । नेतृत्वले न्याय र औचित्य नहेरी मनखुशी हुन थालेको छ । नवौं महाधिवेशन अघिसम्म एमाले सांगठनिक रूपले चुस्त पार्टी थियो । एमालेमा आन्तरिक लोकतन्त्र बलियो थियो । पछिल्लो समय एमालेमा प्रतिस्पर्धा बर्जित गर्न थालियो । नेताका गलत कदमका विरूद्ध खडा हुने कार्यकर्ताहरू पार्टीमा टिक्नै नसक्ने अवस्था बनेको छ । २०७८ मंसिरमा चितवनको सौराहमा भएको एमालेको दशौं महाधिवेशनमा चुनाव नगरी पार्टी अध्यक्ष छान्ने तयारीका विरूद्ध गएपछि अध्यक्षमा उम्मेदवारी दिएका भीम रावल बिस्तारै एमालेबाटै टाढिनुपर्‍यो । यो रोग जनसंगठनमा पनि जवर्जस्त बनेको छ ।

सुरुमा भूमिका विहीनजस्तै भएकाहरु पछि पार्टीबाटै निष्कासित हुने रोग लागेको छ । अनुभवी र पुराना पाखा लाग्ने तर नेतृत्वको पुजा गर्नेले पद र अवसर पाउने रोग चिर्न पनि कार्यकर्ता वा संगठनका सदस्यले नेतृत्व छान्न नदिएमा पार्टीमा उर्जा प्राप्ति हुदैन । नेतृत्वले चाहेका होइन कार्यकर्ताले छान्न नदिएसम्म अधिवेशनमा चुनावको लागि नारा वा हस्ताक्षर चलिरहनेछ ।आम निर्वाचन सकिएको वर्षदिन नपुग्दै २०८४ को निर्वाचनको तयारी भाषण गर्ने नेताहरूले आन्तरिक लोकतन्त्रमा भने ध्यान नदिनु आफैंमा उदेक लाग्दो विषय भएकोछापछिल्लो पाली पार्टीको हस्तक्षेप अति भएको भन्दै कार्यकर्ताहरू नै जुर्मुराउन थालेपछि त्यसले मुलुकको राजनीतिमा शुभ संकेत गरेको छा नेताले खल्तीबाट टिकट दिने सिस्टमले गणतन्त्रमाथि नै प्रश्न उठायो, आफैंले आदर्श मानेका नेताहरूले लोकतन्त्र नै हरण गर्दा युवा वर्गमा फ्रस्टेसनजस्तो पनि आएको हो । अहिले धमाधम निर्वाचन हुनु त्यही निराशापछिको परिणाम हो । दलका भविष्य मानिएका युवा-विद्यार्थीहरूले आन्तरिक लोकतन्त्रको अभ्यास गर्नु राजनीतिमा शुभ संकेत हो ।'

# मुक्तिनाथ धर्मशाला स्तरोन्नति गरिँदै

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २७ जेठ

मुक्तिनाथ दर्शन गर्न आउने तीर्थयात्रीको सेवासुविधाका लागि निर्माण गरिएको मुस्ताङस्थित बारागुङ मुक्तिक्षेत्र-१ पुराङ रानीपौवाको २१८ वर्ष पुरानो धर्मशालाको स्तरोन्नति सुरु गरिएको छ । राणा शासनको समय कालखण्डमा तत्कालीन राजा रणबहादुर साहकी माइली श्रीमती सुवर्णप्रभाले मुक्तिनाथ दर्शन गर्ने क्रममा त्यहाँ धर्मशाला निर्माण गर्नुभएको थियो ।

रानी सुवर्णप्रभाले परिवारको सुख, शान्तिको कामना गर्दै मुक्तिनाथ दर्शन गर्न आउने दर्शनार्थी भक्तजनलाई खान र बस्नको असुविधा नहोस् भन्ने उद्देश्यले धर्मशाला स्थापना गर्नुभएको थियो । रानीद्वारा धर्मशाला निर्माण गरिएकाले उक्त धर्मशालालाई रानीपौवा धर्मशाला नामकरण गरिएको मुक्तिनाथ रानीपौवा धर्मशाला रेखदेख तथा व्यवस्थापनमा खटिनुभएका स्वामी भरत कोइरालाले बताउनुभयो ।

उहाँका अनुसार प्राचीन शैलीमा ढुङ्गा र माटोले निर्माण गरिएको दुईतले रानीपौवा धर्मशालामा २१ वटा भक्तजन बासबस्ने कोठा छन् । "धर्मशाला पुरानो र जीर्ण हुँदै गएपछि यहाँ बास बस्ने भक्तजन, साधुसन्त र पुजारीलाई समस्या पर्दै आइरहेको थियो । भक्तजनको समस्यालाई मध्यनजर गर्दै जगद्गुरु स्वामी कमलनयनाचार्यको पहलमा धर्मशालाका मर्मत सुरु गरिएको हो", उहाँले भन्नुभयो । मुस्ताङको बारागुङ मुक्तिक्षेत्र गाउँपालिका र पुरातत्व विभागको लागत साझेदारीमा रु ७४ लाख बजेटमार्फत मुक्तिनाथ धर्मशाला मर्मत सुरु गरिएको निर्माण कम्पनीका प्रतिनिधि रमेश गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार धर्मशालाको साविक सौन्दर्यता नबिग्रिने गरी स्तरोन्नति भइरहेको छ । धर्मशालाको लिपपोत, रङरोगन, शौचालय र बाथरुम, झ्यालढोका मर्मत गर्नुका साथै धर्मशालाको छतमाथि काठको फलेक बिछ्याएर अलकत्रा राखी वातावरणमैत्री प्लास्टिकसहित सख्खर माटो बिछ्याउने काम भइरहेको गुरुङले उल्लेख गर्नुभयो ।

"धार्मिक पुण्यकार्यको ठेक्का लिएको हुँ, नाफाभन्दा पनि बजेट अनुसारको गुणस्तर कायम गर्ने पक्षमा छौँ", उहाँले भन्नुभयो, "सम्झौताअनुसार सतप्रतिशत हुनेगरी काम गरिरहेका छौँ । यो मुक्तिनाथको दर्शनार्थीका लागि भएकाले सेवा गर्ने मौका पनि हो ।"व्यवस्थापनमा खटिनुभएका स्वामी कोइरालाले रानीपौवा धर्मशाला पुरानो र जीर्ण हुँदा तीर्थयात्रा, साधुसन्त र पुजारीलाई खान र बस्न समस्या भएपछि स्तरोन्नतिको पहल थालिएको बताउनुभयो । "धर्मशालाको छत माथिबाट पानी चुहिने गर्थ्यो, शौचालय र बाथरुमसमेत जीर्ण थिए", उहाँले भन्नुभयो, "सम्झौताअनुसार ठेकेदारले रङरोगन र मर्मतको काम तीव्र गतिमा गरिरहेका छन् । मर्मतपछि यहाँ आउनेलाई भक्तजनलाई बास बस्न सहज हुनेछ ।" धर्मशाला मर्मतको काम दुई सातादेखि भइरहेको स्वामी कोइरालाले जानकारी दिनुभयो । "असार मसान्तसम्म सम्पन्न काम सक्ने निर्माण कम्पनीले प्रतिबद्धता जनाएको छ । अहिले रङरोगन, भित्ता लिपपोत र छतलाई स्तरोन्नति गरिरहेको छ", उहाँले भन्नुभयो ।

रानीपौवा धर्मशाला रणबहादुर साहकी माइली श्रीमती सुवर्णप्रभाले निर्माण गरेको मुक्तिनाथ मन्दिरका पुजारी कृष्णप्रसाद सुवेदीले जानकारी दिनुभयो । "मुक्तिनाथ क्षेत्रको छ रोपनी १२ आना क्षेत्रफलमा रानीले प्राचीन शैलीमा भक्तजनको आवास र भोजनको प्रबन्ध मिलाउन धर्मशाला स्थापना गर्नुभएको हो", उहाँले भन्नुभयो ।

यहाँ बाह्य धार्मिक पर्यटकका साथै म्याग्दी, पर्वत, स्याङ्जालगायत जिल्लाबाट भक्तजन आउने पुजारी सुवेदीले उल्लेख गर्नुभयो । मुक्तिनाथ र धर्मशालाका लागि खाद्यान्नलगायत अन्नबाली उत्पादन गर्न रानी सुवर्णप्रभाकै पालामा सदावर्त गुठी स्थापना भएको उहाँले जनाउनुभयो । यसरी गुठीको जग्गा सदावर्त गुठीले रानीपौवा धर्मशालामा चढाउने गरेको उहाँले बताउनुभयो । "मुक्तिनाथ मन्दिर र धर्मशालाका नाममा म्याग्दी, पर्वत र स्याङ्जामा रहेका गुठी जग्गामध्ये कतिपय रैथानेमा परिणत भइसकेको छ भने कतिपय सदावर्त गुठीको नाममा छ", पुजारी सुवेदीले भन्नुभयो । उहाँका अनुसार सदावर्त गुठीको नाममा रहेको जग्गा कमाउने व्यक्तिले दुई दशकदेखि अधियाको भागबण्डा बुझाउन छोडिसकेका छन् ।

विसं २०४६ सम्म म्याग्दीमा उत्पादन भएको सदावर्तको अन्नबाली बुझाउने गरिएको भन्दै त्यसपछि क्रमशः जग्गा कमाउने व्यक्तिले अन्नबाली बुझाउन छोडिसकेका उहाँले जानकारी दिनुभयो ।

# म्याग्दीको विकट गाउँ पाल्लेका १२२ घरपरिवारलाई खानेपानी सुविधा

**पोखरापत्र संवाददाता**
पोखरा, २७ जेठ

मालिका गाउँपालिका-३ पाल्लेमा 'एक घर, एक धारा' को सुविधा पुगेको छ ।

रु ६५ लाख ५७ हजार दुई सय ७७ को लागतमा निर्माण भएको पाल्ले खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजनामार्फत एक सय २२ घरपरिवारमा बसोबास गर्ने पाँच सय ८९ जनसङ्ख्या लाभान्वित भएका छन् ।

उपभोक्ता संस्थाका सचिव धनबहादुर रोकाका अनुसार घरघरमा धारा निर्माण गरेर खानेपानी वितरण गरिएको छ । नेपाल पानीका लागि स्वास्थ्य (नेवा) संस्थाको रु ३३ लाख ३७ हजार ३२५ र मालिका गाउँपालिकाको रु १४ लाख ७२ हजार ५३ अनुदान प्राप्त भएको योजना निर्माणका लागि उपभोक्ताले रु १७ लाख आठ सय ९९ बराबरको श्रमदान गरेका छन् ।

पाल्लेमा रहेको सामुदायिक विद्यालयमा पनि धारा जडान भएको छ । चारवटा मुहानको पानीलाई १२ हजार पाँच सय २७ मिटर लामो मुख्य र शाखा पाइपलाइनमार्फत नौवटा ट्याङ्की बनाएर वितरणको व्यवस्था मिलाएको नेवाका प्राविधिक रुपक थापाले जानकारी दिनुभयो । म्याग्दीको भौगोलिक रूमा विकट र दुर्गम क्षेत्रमा पर्ने पाल्लेका बासिन्दाले यसअघि सार्वजनिक धारामार्फत खानेपानी उपभोक्ता गर्दै आएका थिए ।

करिब २० वर्षअघि निर्माण भएको योजनाको संरचना जीर्ण हुँदा पानी आपूर्ति र वितरणमा समस्या भएको थियो । स्थानीयवासी बलबहादुर रोकाका अनुसार, घरघरमा धारा जडान गरेर पानी वितरण भएपछि समयको बचत, झन्झटबाट मुक्ति, सरसफाइमा सहज भएएपछि उपभोक्तामा खुसीयाली छाएको छ । धाराको नजिकै भाडा सुकाउने पक्की चाङ पनि निर्माण भएको छ । पानीको मितब्ययी प्रयोग र आयोजनाको दिगो सञ्चालनका लागि धारामा मिटर जडान भएको छ ।

मालिका गाउँपालिका र नेवा संस्थाको साझेदारीमा आर्थिक वर्ष २०८१/८२ मा मालिका गाउँपालिका-३ मा पाल्ले, लुम्पीपार र डाडागाउँमा तीनवटा योजना निर्माण भएको छ ।

ती योजनाबाट चार सय घरपरिवार लाभान्वित भएको वडाध्यक्ष मोतिप्रसाद बुढाले बताउनुभयो । डाडागाउँ, किटेनी, औल, सराग्दी, स्यागलुङ, पाल्ले र लुम्पीपार टोलमा खानेपानी सुविधा विस्तार भएको उहाँले बताउनुभयो ।

# रासायनिक विषादीको विकल्प सिकाउँदै कृषि ज्ञान केन्द्र

**पोखरापत्र संवाददाता**
तनहुँ, २७ जेठ

कृषि ज्ञान केन्द्रले खाद्यवस्तु, तरकारी तथा फलफूल उत्पादनमा विषादी प्रयोगको बढ्दो क्रमलाई न्यूनीकरण गर्ने उद्देश्यले किसानलाई एकीकृत शत्रुजीव व्यवस्थापन प्रणाली (आइपिएम) सिकाएको छ ।

कृषि ज्ञान केन्द्रका सूचना अधिकारी एवं बाली संरक्षण अधिकृत किरण परियारले 'लर्निङ बाइ डोइङ सिइङ बाइ बिलिभिङ'को सिद्धान्तअनुसारसैद्धान्तिक तथा प्रयोगात्मक रूपमा सीप सिकाउने कार्य गरिरहेको जानकारी दिनुभयो । किसानलाई प्रयोगात्मक रूपमा मैदानमा नै प्रशिक्षण दिइएको हो । विशेषगरी विषादीको बढदो प्रयोगलाई न्यूनीकरण गर्ने लक्ष्य छ । कृषि उपज उत्पादनमा जोडिएका कृषकलाई सचेत बनाउन आइपिएम कृषक पाठशाला कार्यक्रम ल्याइएको हो । कृषि ज्ञान केन्द्र प्रमुख गोपाल शर्मा लामिछानेले विषादीरहित उत्पादनले हामो स्वास्थ्यमा असर पुर्‍याउने गरेको अवस्था रहेकोले यसलाई विषादी प्रयोगमा न्यूनीकरणलाई निरुत्साहित गर्न रासायनिक विषादीको विकल्प सिकाउन आवश्यक रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "रासायनिक विषादीको विकल्प सिकाउनुपर्छ । तालिममार्फत नै विषादीको असर, विकल्प र उत्पादित उपजको बजारीकरणसम्म सिकाएका छौँ । यसले किसानलाई व्यावहारिक रूपमा नै सहयोग पुगेको छ । यसलाई निरन्तरता दिन अनुरोध गरेका छौँ ।" सोह्र दिनसम्म सैद्धान्तिक तथा प्रयोगात्मक प्रशिक्षण दिइएको उहाँले बताउनुभयो । यसैबीच ज्ञान केन्द्रको समन्वयमा कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय गण्डकी प्रदेशको आयोजनामा व्यास नगरपालिका-१ कुन्छाली टोलका किसानलाई आइपिएम प्रणालीमार्फत बिरुवा रोप्न, टिप्न र बजारीकरणसम्म सिकाइएको छ । यहाँका २४ किसानलाई प्रशिक्षण दिइएको छ । विषादीरहित उपजको बजारीकरणमा समेत सहज हुने अपेक्षा गरिएको छ । व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले रोजगार सृजना गर्न सहज भएको अवस्थामा कृषि क्षेत्र राम्रो विकल्प भएको बताउनुभयो । उहाँले भन्नुभयो, "आयातित उपज बढ्दो छ । यी वस्तुमा परीक्षणको क्रममा विषादी अधिक भएको पाइएको खबर सुनिन्छन् । विषादी प्रयोग न्यूनीकरण गर्न आइपिएम प्रविधि उपयुक्त छ । एक ठाउँमा मात्र नभई अन्य क्षेत्रका किसानलाई पनि सचेत गराउन आवश्यक रहेको छ ।"बढ्दो तरकारीको आयात रोक्न हाम्रै गाउँघरमा विषादीरहित उत्पादनलाई प्रोत्साहन गर्नुपर्ने नगरप्रमुख न्यौपानेले बताउनुभयो । "सबै तहका सरकारको समन्वयमा यस्ता स्वस्थ खानेकुरा उत्पादनलाई प्रेरित गर्दा हामीलाई नै फाइदाजनक रहेको छ", उहाँले भन्नुभयो । किसान आनन्द भुजेल घर्तीले भन्नुभयो, "हामीले विषादी प्रयोग गरेर आफैँलाई अस्वस्थ बनाइरहेका रहेछौँ । कृषिको प्रशिक्षणले सचेत गराएको छ । हामीले आफैँले स्थलगत रूपमा नै प्रयोगमा ल्याउन सक्यौँ । उत्पादन पनि रामो भयो । हामी अत्यन्त खुसी छौँ ।" वडाको समन्वयमा नगरपालिकाले सिँचाइका लागि बजेट व्यवस्थापन गरिदिएपछि आइपिएम प्रविधिको प्रयोगबाट सिकाइ सिकिएको उहाँले बताउनुभयो । कृषक रीता घर्तीले अञ्जानमै हामीले विषादी खाएको तालिमकै क्रममा थाहा पायौँ, जसलाई रोक लगाउन प्रशिक्षणले सहयोग पुगेको बताउनुभयो । अञ्जानमा प्रयोगमा ल्याइएका विषादीयुक्त खानेकुरा उत्पादनलाई निरुत्साहित गर्न किसानलाई सिकाउन आवश्यक रहेका उहाँले बताउनुभयो । यस्ता चेतनामूलक सिकाइले सचेत गराएको र समयसमयमा यस्ता तालिम दिइरहने अपेक्षा रहेको बताउनुभयो । कृषिले सचेतनाका कार्यलाई प्रभावकारी बनाउन आवश्यक रहेको छ । अधिक उत्पादन गर्ने लक्ष्यले आफैँलाई नै रोगी बनाएको अवस्थामा यस्ता सचेतनाका प्रशिक्षण उपयुक्त र प्रभावकारी रहेको छ । जसलाई तीन तहका सरकारले मध्यनजर गरी प्राथमिकता दिनुपर्ने छ ।

# बुधबारदेखि हल्का वर्षाको सम्भावना, तापक्रम पनि घट्ने

**रासस**
काठमाडौ), २७ जेठ

जल तथा मौसम विज्ञान विभागले बुधबारदेखि हल्का वर्षाको सम्भावना रहेकाले तापक्रम पनि घट्ने जनाएको छ ।

केही समययता वर्षा हुन नसक्दा उपत्यका, तराई–मधेसलगायत अधिकांश स्थानमा तापक्रम पनि बढेको माहाशाखाले जानकारी दिएको छ । महाशाखाका मौसमविद् प्रतिमा मानन्धरले हाल देशको पश्चिम र मध्य भू-भागमा पश्चिमी वायु तथा स्थानीय वायुको प्रभाव रहेको तथा कोशी प्रदेशका अधिकांश भू-भागमा मनसुनी वायुको प्रभाव रहेको जानकारी दिनुभयो । "मनसुनी हावा सक्रिय हुन नसकेका कारण नेपालको पूर्वी क्षेत्रमा भित्रिएको मनसुन देशभर फैलिन समय लागिरहेको छ ।

हाल वर्षा नहुँदा गर्मी पनि बढेको छ, तर मंगलबार कोशी, बागमती तथा लुम्बिनी प्रदेशका केही जिल्लामा हल्का वर्षा भइरहेको छ", उहाँले भन्नुभयो, "बुधबारदेखि भने उपत्यकालगायतका विभिन्न स्थानमा वर्षाको सम्भावना छ । बादल पनि लाग्ने हुँदा बुधबारदेखि विस्तारै तापक्रम घट्ने छ ।"महाशाखाले बुधबार बिहानसम्मको मौसम पूर्वानुमान गर्दै कोशी, गण्डकी र लुम्बिनी प्रदेशका थोरै स्थान तथा बाँकी प्रदेशका पहाडी भू-भागका एक-दुई स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना र देशका उच्च-पहाडी तथा हिमाली भू-भागका एक-दुई स्थानमा हल्का वर्षा/हिमपातको सम्भावना रहेकाले जनजीवन, कृषि, स्वास्थ्य, सडक तथा हवाई यातायातमा प्रभाव पर्न जनाएको छ । यसैले सम्भावित जोखिम तथा असरबाट बच्न आवश्यक तयारी र सतर्कता अपनाउन महाशाखाले अनुरोध गरेको छ ।

# नेपाल लाओससँग पराजित

**रासस**
काठमाडौं, २७ जेठ

एएफसी एसियन कप छनोटअन्तर्गत तेस्रो चरणको दोस्रो खेलमा नेपाल घरेलु टोली लाओससँग पराजित भएको छ ।

न्यु लाओस राष्ट्रिय रङ्गशालामा भरखरै सम्पन्न खेलमा लाओससँग नेपाल २-१ गोलअन्तरले पराजित भएको हो । अन्तरराष्ट्रिय फुटबल प्रतियोगितामा नेपाल लाओससँग पहिलो पटक पराजित भएको हो । लाओसको जितमा दामोथ थोङखामसाभाथ र पिटर पान्थावोङले समान एक एक गोल गरे । नेपालविरूद्ध लाओसले खेलको १३औँ मिनेटमा पहिलो अग्रता लियो । लाओसका लागि दामोथले गोल गरे । त्यसपछि खेलको दोस्रो हाफ सुरु भएको चौथो मिनेटमा नेपालले दोस्रो गोल खायो । लाओसका पिटरले गोल गर्दै टोलीलाई दोस्रो अग्रता दिलाए ।

खेलमा २-० गोलले पछि परेको नेपालले खेलको ७१ औँ मिनेटमा एक गोल फर्कायो । नेपालका मनिष डाँगीलाई लाओसका खेलाडीले बक्सभित्र खेलको ७१ औँ मिनेटमा फाउल हाने । त्यसपछि नेपालले पेनाल्टीको अवसर प्राप्त गर्‍यो । सोही पेनाल्टीलाई सदुपयोग गर्दै मनिषले गोल गरे ।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सहयोग मिल्नेछ |
| वृष | : झमेला बड्ने | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : शुभ यात्रा | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : आर्थिक समस्या | मकर | : शारीरिक झमेला |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : मानसिक तनाब |
| कन्या | : कार्यमा सफलता | मीन | : ब्यापारमा लाभ |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# पर्यटनको सम्भावना बोकेको मनपाङ गाउँ

पोखरापत्र संवाददाता
तनहुँ, २७ जेठ

पर्यटनको प्रशस्त सम्भावना बोकेर पनि ओझेलमा परेको मनपाङ गाउँका स्थानीय घरबास (होमस्टे) मार्फत पर्यटन प्रवर्द्धनमा जुटेका छन् ।

प्रचारप्रासरको अभावमा म्याग्दे गाउँपालिका-६ स्थित मनपाङ गाउँ ओझेलमा परेपछि स्थानीय घरबास सञ्चालन गरी पर्यटकीय गतिविधिमार्फत पर्यटन प्रवर्द्धनमा जुटेका हुन् । सुरुआती चरणमा आठ वटा घरमा घरबास सञ्चालन गरिएको छ ।

पृथ्वीराजमार्गस्थित थर्पुबाट २५ मिनेटको कच्ची बाटोमा यात्रा गरेपछि मनपाङ गाउँ पुगिन्छ । समुन्द्री सतहबाट एक हजार ५० मिटरमा उचाइमा अवस्थित मनपाङबाट म्याग्दे गाउँपालिकाका विभिन्न ठाउँ, पृथ्वीराजमार्गको सडक, सदरमुकामस्थित दमौली बजार, शुक्लागण्डकीका विभिन्न ठाउँका मनोरम दृश्यावलोकन गर्न सकिन्छ । गुरुङ बस्तीको मनपाङमा २० घर रहेकामा पहिलो चरणमा आठ वटाबाट घरबास सञ्चालनमा ल्याइएको मनपाङ सामुदायिक घरबासका अध्यक्ष सोनी गुरुङले जानकारी दिनुभयो । पर्यटनको सम्भावना भएर पनि ओझेलमा परेकाले प्रचारप्रसारसँगै घरबासमार्फत आयआर्जन गर्ने उद्देश्यले पालिकालेप्रोत्साहनगरेपछिपहल थालिएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "सहर र गाउँलाई जोड्न घरबास सञ्चालन गरेका छौँ । हालै सुरुआत भएकाले आन्तरिक पाहुना आउनेक्रम भइरहेको छ । यहाँ पर्यटकीय पूर्वाधार विस्तार गरी पर्यटन प्रवर्द्धनका लागि पहल थाल्ने छौँ ।"

गर्मीयाममा शीतलताको अनुभवसँगै यहाँबाट देखिने दृश्यावलोकनले पाहुनालाई लोभ्याउने गरेको गुरुङले विश्वास व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "यहाँबाट सुन्दर र रमणीय दृश्य देखिनुका साथै पर्यटकले स्थानीय परिकारका स्वादको अनुभूति पाउन सक्नुहुन्छ । सहरमा गर्मी हुँदा पनि मनपाङ गाउँ उक्लिएपछि शीतलाताको अनुभव लिन सकिन्छ ।" घरबासका सञ्चालक दिलबहादुर गुरुङले एक रात बसेको रु एक हजार २०० निर्धारण गरिएको जानकारी दिनुभयो । उहाँका अनुसार राति आउने पाहुनालाई स्वागतसँगै गुन्द्रुक, भटमास, मकै दिने गरिएको छभने रातिको खाना, बास र बिहानको खाजाको व्यवस्था गरिएको छ । उहाँले भन्नुभयो, "हामी घरबासलाई व्यवस्थित गर्दै पूर्वाधार थप्ने क्रममा छौँ । अहिले घरबासमा ३० जनाको क्षमता छ ।" म्याग्दे-६ का वडाध्यक्ष हिरालाल गुरुङले मनपाङ बाइसेचौबिसे राज्यको पालाको एउटा कोट भएकाले यसको प्रचारप्रसारसँगै प्रवर्द्धनका लागि पहल थालिएको बताउनुभयो । उहाँले भन्नुभयो, "यस ठाउँमा पर्यटक कसरी ल्याउने भनेर छलफल हुँदा घरबास उपयुक्त हुन्छ भन्ने लागेर सुरुआत गरेका छौँ । घरबास सञ्चालन गरेर यहाँ पाहुना भित्र्याउने र स्थानीयको आयआर्जन बढाउने तयारी गरिरहेका छौँ ।"

मनपाङमा थानीमाई मन्दिर, कालभैरव मन्दिर छन् । धार्मिक रूपमा पनि यस ठाउँ प्रख्यात रहेको वडाध्यक्ष गुरुङको भनाइ छ । उहाँका अनुसार नवमीको दिनमा थानीमाई मन्दिरमा विशेष पूजा हुने गर्दछ । "मनपाङबाट चारैतिरको दृश्य हेर्नका लागि तीन वटा दृश्यावलोकन बिन्दु बनाइएको छ । दृश्यावलोकन बिन्दुसम्म पुग्न ढुङ्गा छापेर पैदलबाटो निर्माण गरिएको छ", उहाँले भन्नुभयो । मनपाङसम्म पुग्ने बाटो कच्ची भएकाले स्तरोन्नतिका लागि काम भइरहेको गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले जानकारी दिनुभयो । पालिकाको समपुरक कोषबाट रु एक करोड बजेट विनियोजन गरी बाटोको स्तरोन्नति गरिरहेको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "मनपाङको सौन्दर्यताले पर्यटन प्रवर्द्धन गर्न सकिन्छ भन्ने लागेर घरबास सञ्चालनमा ल्याएका छौँ । घरबाससँगै थप पर्यटन पूर्वाधार निर्माण गरेर यस ठाउँको प्रचारप्रसार र प्रवर्द्धनमा जुटेका हौँ ।"

# मुक्तिनाथ धर्मशाला स्तरोन्नति गरिँदै

पोखरापत्र संवाददाता
मुस्ताङ २७ जेठ

मुक्तिनाथ दर्शन गर्न आउने तीर्थयात्रीको सेवासुविधाका लागि निर्माण गरिएको मुस्ताङस्थित बारागुङ मुक्तिक्षेत्र-१ पुराङ रानीपौवाको २१८ वर्ष पुरानो धर्मशालाको स्तरोन्नति सुरु गरिएको छ । राणा शासनको समय कालखण्डमा तत्कालीन राजा रणबहादुर साहकी माइली श्रीमती सुवर्णप्रभाले मुक्तिनाथ दर्शन गर्ने क्रममा त्यहाँ धर्मशाला निर्माण गर्नुभएको थियो ।



रानी सुवर्णप्रभाले परिवारको सुख, शान्तिको कामना गर्दै मुक्तिनाथ दर्शन गर्न आउने दर्शनार्थी भक्तजनलाई खान र बस्नको असुविधा नहोस् भन्ने उद्देश्यले धर्मशाला स्थापना गर्नुभएको थियो । रानीद्वारा धर्मशाला निर्माण गरिएकाले उक्त धर्मशालालाई रानीपौवा धर्मशाला नामकरण गरिएको मुक्तिनाथ रानीपौवा धर्मशाला रेखदेख तथा व्यवस्थापनमा खटिनुभएका स्वामी भरत कोइरालाले बताउनुभयो । उहाँका अनुसार प्राचीन शैलीमा ढुङ्गा र माटोले निर्माण गरिएको दुईतले रानीपौवा धर्मशालामा २१ वटा भक्तजन बासबस्ने कोठा छन् । "धर्मशाला पुरानो र जीर्ण हुँदै गएपछि यहाँ बास बस्ने भक्तजन, साधुसन्त र पुजारीलाई समस्या पर्दै आइरहेको थियो । भक्तजनको समस्यालाई मध्यनजर गर्दै जगद्गुरु स्वामी कमलनयनाचार्यको पहलमा धर्मशालाका मर्मत सुरु गरिएको हो", उहाँले भन्नुभयो ।

मुस्ताङको बारागुङ मुक्तिक्षेत्र गाउँपालिका र पुरातत्व विभागको लागत साझेदारीमा रु ७४ लाख बजेटमार्फत मुक्तिनाथ धर्मशाला मर्मत सुरु गरिएको निर्माण कम्पनीका प्रतिनिधि रमेश गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार धर्मशालाको साविक सौन्दर्यता नबिग्रिने गरी स्तरोन्नति भइरहेको छ ।

धर्मशालाको लिपपोत, रङरोगन, शौचालय र बाथरुम, झ्यालढोका मर्मत गर्नुका साथै धर्मशालाको छतमाथि काठको फलेक बिछ्याएर अलकत्रा राखी वातावरणमैत्री प्लास्टिकसहित सख्खर माटो बिछ्याउने काम भइरहेको गुरुङले उल्लेख गर्नुभयो । "धार्मिक पुण्यकार्यको ठेक्का लिएको हुँ, नाफाभन्दा पनि बजेट अनुसारको गुणस्तर कायम गर्ने पक्षमा छौँ", उहाँले भन्नुभयो, "सम्झौताअनुसार सतप्रतिशत हुनेगरी काम गरिरहेका छौँ । यो मुक्तिनाथको दर्शनार्थीका लागि भएकाले सेवा गर्ने मौका पनि हो ।"

व्यवस्थापनमा खटिनुभएका स्वामी कोइरालाले रानीपौवा धर्मशाला पुरानो र जीर्ण हुँदा तीर्थयात्रा, साधुसन्त र पुजारीलाई खान र बस्न समस्या भएपछि स्तरोन्नतिको पहल थालिएको बताउनुभयो ।

"धर्मशालाको छत माथिबाट पानी चुहिने गर्थ्यो, शौचालय र बाथरुमसमेत जीर्ण थिए", उहाँले भन्नुभयो, "सम्झौताअनुसार ठेकेदारले रङरोगन र मर्मतको काम तीव्र गतिमा गरिरहेका छन् । मर्मतपछि यहाँ आउनेलाई भक्तजनलाई बास बस्न सहज हुनेछ ।" धर्मशाला मर्मतको काम दुई सातादेखि भइरहेको स्वामी कोइरालाले जानकारी दिनुभयो । "असार मसान्तसम्म सम्पन्न काम सक्ने निर्माण कम्पनीले प्रतिबद्धता जनाएको छ । अहिले रङरोगन, भित्ता लिपपोत र छतलाई स्तरोन्नति गरिरहेको छ", उहाँले भन्नुभयो । रानीपौवा धर्मशाला रणबहादुर साहकी माइली श्रीमती सुवर्णप्रभाले निर्माण गरेको मुक्तिनाथ मन्दिरका पुजारी कृष्णप्रसाद सुवेदीले जानकारी दिनुभयो ।

"मुक्तिनाथ क्षेत्रको छ रोपनी १२ आना क्षेत्रफलमा रानीले प्राचीन शैलीमा भक्तजनको आवास र भोजनको प्रबन्ध मिलाउन धर्मशाला स्थापना गर्नुभएको हो", उहाँले भन्नुभयो । यहाँ बाह्य धार्मिक पर्यटकका साथै म्याग्दी, पर्वत, स्याङ्जालगायत जिल्लाबाट भक्तजन आउने पुजारी सुवेदीले उल्लेख गर्नुभयो । मुक्तिनाथ र धर्मशालाका लागि खाद्यान्नलगायत अन्नबाली उत्पादन गर्न रानी सुवर्णप्रभाकै पालामा सदावर्त गुठी स्थापना भएको उहाँले जनाउनुभयो ।

यसरी गुठीको जग्गा सदावर्त गुठीले रानीपौवा धर्मशालामा चढाउने गरेको उहाँले बताउनुभयो । "मुक्तिनाथ मन्दिर र धर्मशालाका नाममा म्याग्दी, पर्वत र स्याङ्जामा रहेका गुठी जग्गामध्ये कतिपय रैथानेमा परिणत भइसकेको छ भने कतिपय सदावर्त गुठीको नाममा छ", पुजारी सुवेदीले भन्नुभयो । उहाँका अनुसार सदावर्त गुठीको नाममा रहेको जग्गा कमाउने व्यक्तिले दुई दशकदेखि अधियाको भागबण्डा बुझाउन छोडिसकेका छन् ।

विसं २०४६ सम्म म्याग्दीमा उत्पादन भएको सदावर्तको अन्नबाली बुझाउने गरिएको भन्दै त्यसपछि क्रमशः जग्गा कमाउने व्यक्तिले अन्नबाली बुझाउन छोडिसकेका उहाँले जानकारी दिनुभयो ।

# धौलागिरि अस्पताल १५ वर्षपछि स्तरोन्नति

पोखरापत्र संवाददाता
बागलुङ, २७ जेठ

बागलुङको धौलागिरि अस्पताल १५ वर्षपछि स्तरोन्नति भएको छ । विसं २०६७ मा जिल्ला अस्पतालबाट धौलागिरि अञ्चल अस्पतालका रूपमा ५० शैययामा सञ्चालित उक्त अस्पताललाई गण्डकी प्रदेश सरकारले १५ वर्षपछि एक सय शैययामा स्तरोन्नति गरेको हो ।

जिल्ला अस्पतालबाट अञ्चल अस्पताल भएपछि विशेषज्ञ सेवा दिँदै आएको अस्पतालले स्तरोन्नतिसँगै विशिष्टीकृत सेवा दिन थालेको अस्पतालका मेडिकल सुपरीटेन्डेन्ट डा किरण तिवारीले जानकारी दिनुभयो । पचास शय्याको अस्पतालबाट स्तरोन्नति नहुँदा अहिलेसम्म दरबन्दी थपिन नसकेको उहाँको भनाइ छ । गत वर्ष नर्सिङ पढाउने गण्डकी प्रदेश सरकारको घोषणा भए पनि अस्पताल स्तरोन्नति नहुँदा पठनपाठनमा समस्या भएको बताउँदै स्तरोन्नतिपश्चात नर्सिङ पढाउन बाटो खुलेको डा तिवारीले जानकारी दिनुभयो । "अहिलेपनि एक सय २६ शय्यामा बिरामीको उपचार गरिरहेका छौँ, तर नीतिगत रूपमा ५० शय्याको मात्रै हुँदा समस्या थियो, दरबन्दी बढ्दा सेवामा सहजता आउँछ", उहाँले भन्नुभयो, "एक सय शय्यामा स्तरवृद्धि गरेपछि अस्पतालमा दरबन्दी थपिनेछ भने स्वास्थ्य क्षेत्रमा गुणस्तर थपिनेछ, नर्सिङ पढाउन सहज हुनेछ ।"

तिवारीका अनुसार अहिले अस्पतालमा २२ विशेषज्ञ र १० जना मेडिकल अधिकृत कार्यरत छन् । विसं २०१५ मा धौलागिरि अस्पताल डिस्पेन्सरीका रूपमा स्थापना भई २०१६ सालमा स्वास्थ्य केन्द्रमा स्तरोन्नति गरिएको थियो । पछि २०३३ सालदेखि यो अस्पतालले बागलुङ जिल्ला अस्पतालका रूपमा सेवा सञ्चालन गरेको थियो । अस्पतालको स्तरवृद्धि गरेपछि नर्सिङ कक्षा चलाउन आगामी वर्षमा बजेट व्यवस्थापन गरिने गण्डकी प्रदेश सरकारका स्वास्थ्यमन्त्री कृष्णप्रसाद पाठकले जानकारी दिनुभयो । उहाँका अनुसार प्रदेश सरकारले नौ अस्पतालको एकमुष्ठ स्तरोन्नति गर्ने निर्णयअनुसार धौलागिरि अस्पताल स्तरोन्नति गरिएको हो । गण्डकी प्रदेशको यही जेठ १२ गते बसेको बैठकले नौ वटा अस्पतालको स्तरोन्नति गर्ने निर्णय गरेको हो । सरकारले अस्पतालको कर्मचारी संरचना र शय्या सङ्ख्या निर्धारण गरेको छ । धौलागिरि अस्पतालमा कर्मचारी दरबन्दी ९९ पुगेको छ । यसअघि बागलुङकै धौलागिरि आयुर्वेद अस्पताल र गण्डकी आयुर्वेद अस्पताल २५ शय्यामा स्तरोन्नति गर्ने निर्णय भइसकेको छ । धौलागिरि आयुर्वेद अस्पताल स्तरोन्नतिपछिको सेवा दिने तयारीमा रहेको स्वास्थ्यमन्त्री पाठकले जानकारी दिनुभयो ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १८ सेदी चिप्लेटी मोटरबाटो ढलान गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः सेदी चिप्लेटी मोटरबाटो ढलान
ठेगानाः पोखरा-१८, सेदी
योजना सम्झौता मितिः २०८२/०१/१५ गते
योजना सुरु हुने मितिः २०८२/०१/१६ गते
योजना सम्पन्न हुने मितिः २०८२/०२/३० गते
योजनाको कुल लागतः रु.८,२३,७७८.२३
महानगरपालिकाबाटः रु. ७,००,०००|-
जनसहभागिताबाटः रु.१,२३,७७८.२३
अध्यक्षः भुपाल बहादुर थापा क्षेत्री
सम्पर्क नं.: ९८०५८५७२४५
निर्माण समिति सदस्य संख्याः ९
महिलाः ३, पुरुषः ६

**सेदी चिप्लेटी मोटरबाटो ढलान उपभोक्ता समिति**
**पोखरा-१८, सेदी**


# गुप्तेश्वर गुफामा पर्यटकको आगमन वृद्धि

पोखरापत्र संवाददाता
गण्डकी, २७ जेठ

ऐतिहासिक गण्डकी शतकुण्डीय गायत्री कोटिहोमले पोखराको पर्यटन प्रवर्द्धनमा सहयोग पुगेको छ ।

नेपालमात्र नभई भारतबाट कोटिहोममा आएका भक्तजनले पोखरास्थित विभिन्न धार्मिक तथा पर्यटकीयस्थलको अवलोकन गरेकाले आन्तरिक तथा बाह्य पर्यटनको सङ्ख्यामा वृद्धि भएको हो । पोखरा महानगरपालिका-१७ विरौटास्थित सदाशिव सिद्देश्वर हरिहर मन्दिरको गुठी जग्गा मानव सेवा फउण्डेसनद्वारा गत वैशाखको १६ गतेदेखि आयोजना गरिएको कोटिहोमको नजिक पर्ने छोरेपाटनस्थित पर्यटकीय क्षेत्र गुप्तेश्वर महादेव गुफामा विगतको तुलनामा अहिले आन्तरिक तथा बाह्य पर्यटनको आगमन करिब १० प्रतिशतले वृद्धि भएको गुफा व्यवस्थापन समितिका अध्यक्ष लक्ष्मण बाँस्तोलाले जानकारी दिनुभयो । उहाँका अनुसार गत आर्थिक वर्षको चैत १७ गतदेखि जेठ २६ गतेसम्म ९३ हजार ७१६ पर्यटकले मन्दिरको अवलोकन गरेकामा चालु आवको सोही अवधिमा एक लाख एक हजार १४४ जनाले टिकट काटेर गुफाको अवलोकन गरेका छन् ।



पोखरा बाहिरबाट कोटिहोममा आउने भक्तजन अधिकांश गुफामा अवस्थित महादेवको दर्शन र मनोहर पातले छाँगो (डेभिजफल्स)को मनोरम दृष्यावलोकनमा आउने गरेकाले पर्यटकको सङ्ख्यामा वृद्धि भएको अध्यक्ष बाँस्तोलाले बताउनुभयो । विगतको तुलनामा यस अवधिमा सात हजार ४२८ बढीले गुफाको अवलोकन गरेका जनाउँदै उहाँले भन्नुभयो, "गुफामा पर्यटकको सङ्ख्यामा वृद्धि हुनु कोटिहोमको प्रभाव हो । यस अवधिमा भारतीय पर्यटकको पनि आकर्षण बढेको छ ।" जमिनको सतहबाट करिब १०० मिटर चट्टानबाट रसाएका पानीका थोपाले स्नान गर्दै केही तल झरेपछि गुफाभित्र फराकिलो स्थानमा अवस्थित महादेवको दर्शन गर्न पाइन्छ ।

शिव भगवान्लाई दाँहिने पार्दै १०० मिटरको दूरीभित्र पुगेपछि खुला ठाउँ छ । अध्यक्ष बाँस्तोलाले भन्नुभयो, "पत्रे चट्टानमा विभिन्न देवदेवीका आकृति देखिनुका साथै सिद्धार्थ राजमार्गको प्राकृतिक पुलमुनिबाट सिँधा उभिएर देखिने पातले छाँगोसँगै तलाउमा देखिने झरनाको प्रतिविम्बले पर्यटकलाई मनमोहक बनाउने गरेको छ भने कोटिहोमले गुफाको प्रचारप्रसार गरी पर्यटन प्रवरद्धनमा सहयोग पुर्‍याएको छ ।" गुफाभित्र अवस्थित महादेवको दर्शन गर्दा मनोकाङ्क्षा पूरा हुने जनविश्वासका साथ दर्शणार्थी पटकपटक यहाँ आउने गरका उहाँले बताउनुभयो ।

उहाँका अनुसार गुफा २०५० सालमा पत्ता लागेपछि प्रचारप्रसारमा भएको हो । कोटिहोमका माध्यमबाट गुप्तेश्वर गुफासँगै रहेको पातले छाँगो, तालबाराही, विन्ध्यवासिनी भन्दिर, पुम्दीकोट शिव मूर्तिलगायत धार्मिक तथा फेवाताल, सराङकोट, शान्तिस्तूपालगायत विभिन्न पर्यटकीयस्थलसहित पोखराको पर्यटन प्रवर्द्धनमा सहयोगपुगेकोपर्यटनव्यवसायीको भनाइ छ । विश्व शान्तिको कामनासहित पोखरालाई प्रसिद्ध धार्मिकस्थल मुक्तिनाथद्वारका रूपमा परिचित गराउँदै गण्डकी प्रदेशका शास्त्रवर्णित सम्पूर्ण धार्मिक क्षेत्र, तीर्थस्थल, मठमन्दिरको महत्वलाई विश्वभर परिचित गराउने लक्ष्य रहेका मानवसेवा फाउण्डेसन नेपालका अध्यक्ष एवं महायज्ञ सङ्कल्पकर्ता बालयोगेश्वर विजयश्री कृष्णमूर्ति महाराजले जानकारी दिनुभयो ।

उहाँका अनुसार कोटिहोमका माध्यमबाट धार्मिक, सांस्कृतिक र ऐतिहासिक महत्वलाई राष्ट्रिय तथा अन्तरराष्ट्रिस्तरमा पुर्‍याउँदै पोखराको पर्यटन प्रवर्द्धनमा महत्त्वपूर्ण सहयोग पुग्ने विश्वासका साथ वैदिक ज्ञान, धर्म परम्परालाई आधुनिक समाजमा पुनःस्थापित गर्दै वैज्ञानिक, सामाजिक र आध्यात्मिक पक्षको उजागर गर्न सहयोग पुगेको छ ।

मन्दिरको २९ रोपनी १२ आनासहित आसपासका झण्डै ८० रोपनी जग्गाभित्र १०० कुण्ड निर्माण गरिएको छ । त्यसमा आचार्य, ब्राह्मणसहित ३०० जनाले जौ, तिल, चामल, घ्यू र अन्य द्रव्य मिश्रित चरु तयार गरी गत वैशाख १७ गतेदेखि सुरु गरिएको कोटिहोमको हवन आज सम्पन्न भएको महायज्ञ सङ्कल्पकर्ता महाराजले जानकारी दिनुभयो । डेढ महिनासम्म सञ्चालन भएको कोटिहोममा लाखौँ भक्तजनले सहभागिता जनाउनुका साथै १० करोडभन्दा बढी रकम सङ्कलन भएको कोटिहोम सहइञ्चार्ज युवक लामिछानेले जानकारी दिनुभयो ।


## नागरिकता र राष्ट्रिय परिचय पत्र हरायो

**म धनमाया तामाङको पोखराको हेमजाबाट राष्ट्र बैंक चोक सिडिओ कार्यालय जाने क्रममा बाटोमा नागरिका र राष्ट्रिय परिचय पत्र हराएको हुदाँ फेला पार्नुहुने महानुभावले निम्न नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध गर्दछु । सम्पर्क गर्नुहुनेलाई आर्कषक उपहार पनि दिनेछु ।**

**नामः धनमाया तामाङ**
**ठेगानाः किन्ताङ-६, नुवाकोट**
**हालको ठेगानाः नमूना टोल पोखरा-२५**
**सम्पर्क नं. ९८०६५९६२६४, ९८४६०४८३६५**